**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३० अप्रेल २०२५

समयः ०७.२५ - ०७.३५ बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीस्थित आफ्नो निवासमा शीर्ष रक्षा अधिकारीहरूसँग बैठक गर्नु भयो।
- अक्षय तृतीयाको अवसरमा आज उत्तराखण्डमा चारधाम यात्रा सुरु हुँदैछ ।
- संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले पहलगाम आतंकवादी हमलाको स्पष्ट रूपमा निन्दा गर्नु भएको छ ।
- साउदी अरबको गृह मन्त्रालयले हज अनुमति नियमहरू उल्लङ्घन गर्ने पाकिस्तानी नागरिकहरूलाई कडा सजाय दिइने बताएको छ।
- आईपीएल क्रिकेटमा कोलकाता नाइट राइडर्सले दिल्ली क्यापिटल्सलाई १४ रनले पराजित गरेको छ।

**प्रधानमन्त्री-वैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीस्थित आफ्नो निवासमा शीर्ष रक्षा अधिकारीहरूसँग बैठक गर्नु भयो। यस बैठकमा रक्षामन्त्री राजनाथ सिंह, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान र तीनै सशस्त्र सेनाका प्रमुखहरू उपस्थित थिए। यो बैठक पहलगाममा भएको आतंकवादी हमलाको मुद्दामा छलफल गर्न बोलाइएको थियो। पछि, राष्ट्रिय स्वयंसेवक संघका प्रमुख मोहन भागवतले पनि प्रधानमन्त्रीलाई उनको नयाँ दिल्लीस्थित निवासमा भेट गर्नु भयो ।

****** ० ******

**चारधाम यात्रा**

अक्षय तृतीयाको अवसरमा आज उत्तराखण्डमा चारधाम यात्रा सुरु हुँदैछ । यस अवसरमा उत्तरकाशी जिल्लामा रहेका गंगोत्री र यमुनोत्री मन्दिरका कपाटहरू खोलिनेछन्। मुकबा गाउँमा छ महिनाको शीतकालीन प्रवासपछि , हिजो माता गंगाको पालकी गंगोत्री धाम पठाइएको छ। हिजो राति भैरवघाटस्थित भैरव मन्दिरमा पालकी विश्रामका लागि  रोकिएको थियो। तीर्थयात्री पुजारी राजेश सेमवालले आज भैरवघाटबाट गंगोत्रीको लागि पालकी यात्रा प्रस्थान गर्ने जानकारी दिनु भएको छ , जहाँ परम्परागत प्रार्थना र वैदिक मन्त्र जपसँगै बिहान १० बजेर ३० मिनटमा  मन्दिरका ढोकाहरू खोलिनेछन्। यसैबीच, माता  यमुनाको पालकी आज बिहान उनको शीतकालीन निवास खरसालीबाट यमुनोत्री धामको लागि प्रस्थान गर्नेछ, जहाँ बिहान ११ बजेर ३० मिनटमा मन्दिरको कपाट भक्तहरूका लागि खोलिनेछ। केदारनाथ धामका कपाट शुक्रबार र बद्रीनाथ धामका कपाट आइतबार खोलिने छ ।

****** ० ******

**आकाशवाणी - चारधाम यात्रा**

आज आकाशवाणीबाट चारधाम यात्रा उद्घाटन समारोहको  सीधा प्रसारण हुनेछ। आज बिहान १० देखि ११ बजेसम्म गंगोत्री धामको कपाट खोलिने अनुष्ठानको  प्रत्यक्ष प्रसारण हुनेछ भने ११ बजेट ३० मिनटदेखि १२ बजेर ३० मिनटसम्म  यमुनोत्री धामको कपाट खोलिने अनुष्ठानको  प्रत्यक्ष प्रसारण हुनेछ। केदारनाथ धामको ढोका खोल्ने प्रत्यक्ष प्रसारण २ मई मा बिहान ६ बजे हुनेछ र बद्रीनाथ धामको ढोका खोल्ने प्रत्यक्ष प्रसारण ४ मई मा बिहान ६:३० देखि ७:३० सम्म हुनेछ। प्रत्यक्ष प्रसारण आकाशवाणीको

इन्द्रप्रस्थ, एफएम गोल्ड र आराधना च्यानलहरूका साथै न्युज अन एआईआर एपमा उपलब्ध हुनेछ। भ्रमणसँग सम्बन्धित रिपोर्ट पनि भोलिदेखि ४ मईसम्म हरेक दिन साँझ ७ बजेर ३० मिनटदेखि ७ बजेर ४५ मिनटसम्म प्रसारण गरिनेछ।

****** ० ******

**जयशंकर- संयुक्त राष्ट्र महासचिव**

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले पहलगाम आतंकवादी हमलाको स्पष्ट रूपमा निन्दा गर्नु भएको छ। विदेशमन्त्री डा. एस. जयशंकरसँगको टेलिफोन वार्तामा, विदेशमन्त्रीले यस भनाइको लागि श्री गुटेरेसको प्रशंसा गर्नु भयो। वार्ताका क्रममा, श्री गुटेरेसले पहलगाम आक्रमणको मुद्दामा जवाफदेहिताको महत्त्वमा सहमति जनाउनु भयो। सामाजिक सञ्जाल पोस्टमा डा. जयशंकरले पहलगाममा भएको आक्रमणका दोषी, षड्यन्त्रकारी र उनीहरूका समर्थकहरूलाई न्यायको कठघरामा ल्याउन भारत प्रतिबद्ध रहेको बताउनु भयो।

**गौरव भाटिया-भाजपा**

भारतीय जनता पार्टीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई लक्षित गर्दै कांग्रेसको सामाजिक सञ्जाल ह्यान्डलमा साझा गरिएको तस्वीरप्रति तीव्र प्रतिक्रिया जनाएको छ। नयाँ दिल्लीमा, पार्टी प्रवक्ता गौरव भाटियाले पहलगाम आतंकवादी हमला पछिको यो संवेदनशील समयमा कांग्रेसले यस्ता पोस्टहरू मार्फत देशलाई कमजोर पार्ने खोजिरहेको आरोप लगाउनु भयो। श्री भाटियाले कांग्रेसले पाकिस्तानलाई आफुहरु उनीहरूको साथमा रहेको सन्देश पठाइरहेको आरोप लगाउनु भयो। उहाले पहलगाम आतंकवादी हमलामा केही कांग्रेस नेताहरूले मुख्य विपक्षी दललाई लक्षित गर्दै गरेको टिप्पणीलाई पनि उल्लेख गर्नु भयो।

BYTE

भाजपा प्रवक्ताले जोड दिनु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीले पहलगाम आतंकवादी हमलाको पछाडि आतंककारीहरूका मालिकहरूलाई उचित जवाफ दिइनेछ भनेर स्पष्ट रूपमा भन्नु भएको छ। पछि, कांग्रेसले आफ्नो सामाजिक सञ्जाल ह्यान्डलबाट प्रधानमन्त्री नरेन्द्र मोदीलाई लक्षित गर्दै गरेको विवादास्पद पोस्ट हटायो।

****** ० ******

**बुद्ध अवशेष प्रदर्शनी**

संस्कृति मन्त्रालयले पहिलो पटक सारनाथमा राखिएका भगवान बुद्धका पवित्र अवशेषहरूको प्रदर्शनी आयोजना गर्नेछ। यो प्रदर्शनी भियतनाममा संयुक्त राष्ट्र संघ दिवस वेसाक २०२५ को भव्य उत्सवको अवसरमा आयोजना गरिनेछ। यो प्रदर्शनी अन्तर्राष्ट्रिय बौद्ध महासंघसँगको सहकार्यमा आयोजना गरिएको हो। भगवान बुद्धका अवशेषहरू आज सारनाथको मूलगन्ध कुटी विहारबाट दिल्ली ल्याइनेछ र प्रार्थना र ध्यानका लागि राष्ट्रिय संग्रहालयमा राखिनेछ। भोलि अवशेषहरू वरिष्ठ भिक्षुहरूको सुरक्षामा भारतीय वायुसेनाको विशेष विमानमा "हो ची मिन्ह" शहर लगिनेछ। केन्द्रीय मन्त्री किरेन रिजिजु र अन्तर्राष्ट्रिय बौद्ध महासंघका महासचिव भेन शार्त्से खेन्सुर रिन्पोछे जंगचुप चोएदेनको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डलले प्रदर्शनीमा भाग लिनेछन्। पवित्र अवशेषहरूलाई औपचारिक रूपमा त्यहाँ सम्मानका साथ राखिनेछ र २ मई देखि ८ मईसम्म पूजा गरिनेछ।

****** ० ******

**महाराष्ट्र-कैबिनेट निर्णय**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले राज्यमा पहलगाम आतंकवादी हमलाका पीडित परिवारलाई ५० लाख रुपियाँको आर्थिक सहयोग घोषणा गर्नु भएको छ। मुम्बईमा भएको मन्त्रिपरिषद् बैठकमा सरकारले प्रभावित परिवारहरूलाई शैक्षिक सहयोग र रोजगारीको आश्वासन पनि दिएको छ। यस अन्तर्गत, आक्रमणमा मारिएका सन्तोष जगदालेकी छोरी आसावरी जगदालेलाई सरकारी नोकरी दिइनेछ। महाराष्ट्र मन्त्रिपरिषद्ले नयाँ विद्युतीय सवारी नीति सहित धेरै महत्त्वपूर्ण नीतिहरूलाई अनुमोदन गरेको छ। यस अन्तर्गत, विद्युतीय सवारी साधनलाई प्रवर्द्धन गर्न र चार्जिङ पूर्वाधार विस्तार गर्न अनुदान र टोल छुट प्रस्ताव गरिनेछ। यसका साथै, जहाज निर्माण, मर्मतसम्भार र पुनर्चक्रण नीति पनि अनुमोदन गरिएको थियो, जसको उद्देश्य राज्यका प्रमुख र साना बन्दरगाहहरू मार्फत रोजगारी बढाउनु हो। बैठकमा कृषि लगानी बढाउन नयाँ बाली बीमा नीति पनि अनुमोदन गरिएको छ।

****** ० ******

**सर्वोच्च अदालत**

सर्वोच्च अदालतका न्यायाधीश भूषण रामकृष्ण गवई भारतको ५२ औं प्रधान न्यायाधीश हुनुहुनेछ। केन्द्रीय कानून तथा न्यायमन्त्री अर्जुन राम मेघवाल अनुसार राष्ट्रपति द्रौपदी मुर्मुले न्यायमूर्ति गवईलाई भारतको अर्को प्रधानन्यायाधीशको रूपमा नियुक्त गर्नु भएको र उहाको नियुक्ति अर्को महिनाको १४ तारिखदेखि लागू हुने छ। उहाले वर्तमान प्रधान न्यायाधीश संजीव खन्नाको स्थान लिनु हुनेछ, जसको कार्यकाल अर्को महिनाको १३ तारिख समाप्त हुँदैछ।

****** ० ******

**अमेरिका-भारत व्यापार समझौता**

अमेरिकी वित्तमन्त्री स्कट बेसेन्टले भन्नु भयो, अमेरिका भारतसँग व्यापार सम्झौताको "धेरै नजिक" छ। उहाले उच्च शुल्कमा दिल्लीसँग वार्ता गर्न धेरै सजिलो रहेको र वार्ता राम्रोसँग अगाडि बढिरहेको बताउनु भयो। श्री बेसेन्टले ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा यी टिप्पणीहरू गर्नु भएको हो। यसअघि, सोमबार, उहाले पारस्परिक शुल्कबाट बच्न अमेरिकासँग द्विपक्षीय व्यापार सम्झौतालाई अन्तिम रूप दिने भारत पहिलो देशहरू मध्ये एक हुनेछ भनि बताउनु भएको थियो।

****** ० ******

**सऊदी अरब- पाकिस्तान**

साउदी अरबको गृह मन्त्रालयले हज अनुमति नियमहरू उल्लङ्घन गर्ने पाकिस्तानी नागरिकहरूलाई कडा सजाय दिइने बताएको छ। साउदी मन्त्रालयको पछिल्लो चेतावनीमा जरिवाना १० जुन २०२५ सम्म लागू रहने उल्लेख गरेको छ। मन्त्रालयले वैध अनुमति बिना हज गर्न खोज्ने प्रत्येक पाकिस्तानीलाई बीस हजार साउदी रियाल जरिवाना गरिने बताएको छ। यो जरिवाना मक्का प्रवेश गर्ने र बस्ने सबै प्रकारका भिसा धारकहरूमा लागू हुनेछ। यो चेतावनी यस्तो समयमा आएको हो जब पाकिस्तानले हिजो इस्लामाबादबाट ४ सय ४२ हज यात्रीहरूको पहिलो समूहको साथ औपचारिक रूपमा आफ्नो हज उडान सञ्चालन सुरु गरेको थियो। साउदी अरबले प्रत्येक वर्ष बिना अनुमति हज गर्ने नागरिक, अवैध यात्री र भिखारीहरूको बढ्दो संख्यालाई लिएर पाकिस्तानलाई कडा चेतावनी दिएको छ। साउदी अरबयले विगत तीन वर्षमा ४ हजार ७०० पाकिस्तानी भिखारीहरूलाई स्वदेश फिर्ता गरेको छ। साउदी अरबले स्वदेश फर्काइएका यी भिखारीहरूको नाम र राहदानी नो-फ्लायर सूचीमा समावेश गर्ने बताएको छ ।

****** ० ******

**ब्रिटेन सांसद-बांग्लादेश अल्पसंख्यक**

मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारको शासनकालमा बिग्रँदै गएको कानून व्यवस्थाको अवस्थाका बीच बंगलादेशमा धार्मिक अल्पसंख्यकहरूको उत्पीडन जारी छ। धेरै शीर्ष ब्रिटिश सांसदहरूले फेरि बंगलादेशमा तत्काल, निष्पक्ष र समावेशी चुनावको लागि आह्वान गरेका छन्।

****** ० ******

**मौसम**

मौसम विभागले आज ओडिशा, असम र मेघालयका भिन्न भिन्न स्थानहरूमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। दिल्ली, हरियाणा, चण्डीगढ, उत्तराखण्ड, उत्तर प्रदेश, झारखंड, ओडिशा, तेलंगाना, उत्तरी आन्तरिक कर्नाटक, विदर्भ, छत्तीसगढ, पश्चिम बंगाल र सिक्किमका केही भागहरूमा आगामी दुई-तीन दिनमा मेघगर्जन र तेज हावा चल्न सक्ने विभागले जानेको छ।

****** ० ******

**आईपीएल**

आईपीएल क्रिकेटमा कोलकाता नाइट राइडर्सले दिल्ली क्यापिटल्सलाई १४ रनले पराजित गरेको छ। हिजो राति नयाँ दिल्लीको अरुण जेटली स्टेडियममा २०५ रनको लक्ष्य पछयाउँने क्रममा दिल्ली क्यापिटल्सले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १९० रन मात्र बनाउन सक्यो। कोलकाता नाइट राइडर्सका लागि सुनिल नारायणले तीन विकेट र वरुण चक्रवर्तीले दुई

विकेट लिए। अनुकुल रोय, वैभव अरोरा र आन्द्रे रसेलले एक-एक विकेट लिए। यसअघि पहिले ब्याटिङ गरेको कोलकाता नाइट राइडर्सले २० ओभरमा ९ विकेट गुमाउँदै २०४ रन बनाएको थियो।

****** ० ******